# प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय मुद्रा कोषले Enhanced Credit Facility (ECF) मार्फत नेपालको लागि २८२.४२ मिलियन एसडिआर (३९५.९ मिलियन अमेरिकी डलर करिब रू. ४६ अर्ब ७० करोड) बराबरको शुन्य ब्याज दरको सहुलियतपूर्ण ऋण स्वीकृत गरेको छ ।

उक्त ऋण सहायतामध्ये ११० मिलियन अमेरिकी डलर बराबर रकम तत्काल पहिलो किस्तामा प्राप्त हुनेछ र बाँकि रकम विभिन्न किस्तामा क्रमशः प्राप्त हुनेछ । उक्त सहायताले कोभिड-१९ का कारण जनस्वास्थ्य र आर्थिक गतिविधिमा परेको नकारात्मक प्रभाव कम गर्न, विपन्न वर्गलाई संरक्षण गर्न, समष्टिगत आर्थिक तथा वित्तीय स्थिरता कायम गर्न र दिगो विकास तथा गरिबी निवारण सम्बन्धी नेपालले लिएको सुधारका प्रयासलाई निरन्तरता दिन सहयोग गर्नेछ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राप्त हुने उक्त सहायता नेपालको आवश्यकता र प्राथमिकताका आधारमा बजेटमा समावेश गरी खर्च गर्न सकिनेछ । उक्त कोषसंग भएको प्रारम्भिक छलफलका आधारमा चालू आ.ब. को बजेटमा समेत उक्त स्रोत कायम गरिएको छ ।

कोभिडका कारण उत्पन्न असहज परिस्थितिलाई सामना गर्न नेपाल सरकारले अख्तियार गरेको नीति र प्रयासको अन्तर्राष्ट्रिय मुद्रा कोषको बोर्डका कार्यकारी निर्देशकहरुले उच्च प्रशंसा गर्दै परिपूरकको रुपमा उक्त सहयोग प्रदान गरेको जानकारी गराएका छन् ।

मितिः २०७८ पौष ३० गते